स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गत साउन २३ गतेबाट प्रदर्शनमा आएको फिल्म 'मोहर' यस वर्षको दोस्रो हिट बनिसकेको छ। ५ करोडमाथि व्यापार गरिसकेको यो फिल्म अब अर्को महत्वपूर्ण उपलब्धितर्फ अघि बढ्दैछ। आगामी २० दिनमा फिल्मले प्रदर्शनको ५१ दिन मनाउँदैछ। हलमा टिकाउन यसको निर्माण पक्षले सुनको मोहर जित्ने योजना अगाडि सारेको छ। देशका चारवटा हलमध्ये कुनै एउटामा गएर 'मोहर' हेर्ने ९ जना दर्शकले उक्त पुरस्कार प्राप्त गर्नेछन्।

**आजको विचार...**



सोह्रौं... (दुई पेजमा)

मेघनाथ दाहाल



सांगीतिक कार्यक्रम गर्न बेलायत आएका चर्चित गायक दुर्गेश थापाले आफ्नो सम्पूर्ण सांगीतिक यात्रा विसर्जन गर्ने निर्णय गरेका छन्। नेपालमा जेनजी प्रदर्शनका क्रममा युवामाथि प्रहरी दमन र हत्या भइरहंदा नैतिकताले आफूलाई रमाइलो गर्न नदिएको भन्दै उनले सम्पूर्ण कन्सर्ट अन्त्य गरेका हुन्। आयोजकले पनि आफ्नो निर्णयलाई सहजै स्वीकार गरेको उल्लेख गर्दै उनले आयोजकहरूप्रति सम्मान र सदा ऋणी रहने बताएका छन्। देशको अवस्था सामान्य भएपछि पुनः आउने उनको वाचा छ।

❒ वर्ष ३१ ❒ अंक ५५ ❒ २०८२ भदौ २५ गते बुधबार 10 September 2025, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### विद्रोही आक्रमणमा ६० को मृत्यु



(रासस/एपी)

**गोमा (कङ्गो),** भद्रौ २४/पूर्वी कङ्गोमा इस्लामिक-राज्यसँग सम्बद्ध विद्रोही समूहले रातभर गरेको आक्रमणमा कम्तीमा ६० जनाको मृत्यु भएको एक अधिकारीले बताएका छन् । उत्तरी किभुको न्टोयोमा बासिन्द्राहरू चिहानमा भेला भएका बेला एलाइड डेमोक्रेटिक फोर्स (एडिएफ) ले हमला गरेको जनाइएको छ ।'एडिएफको आक्रमणमा करिब ६० जनाको ज्यान गयो, तर अन्तिम सङ्ख्या पछि मात्रै आउँछ, किनभने भर्खरै टाउको काटिएका मानिसहरूको सङ्ख्या गणना गर्न सेवाहरू तैनाथ गरिएको छ', लुबेरो क्षेत्रका स्थानीय प्रशासक कर्नल एलेन किवेवाले एसोसिएटेड प्रेसलाई भने । एकजना बचेकी महिलाले भनिन्, 'तिनीहरूमध्ये करिब १० जना थिए । मैले मुख ढाकेका उनीहरू द्रेखें । उनीहरूले मानिसहरूलाई एउटै ठाउँमा भेला हुन भने र काट्न थाले । मैले चिच्याउने आवाज सुनें र अन्त्यमा बेहोस भएँ ।' उनले प्रतिशोधको डरले नाम नखुलाउन अनुरोध गरिन् ।

# राज्यका तीनवटै अङ्ग आन्दोलनकारीको नियन्त्रणमा

## प्रधानमन्त्री, मन्त्री र सांसदहरुले दिए राजीनामा

## संसद्, सिंहदरबार र सर्वोच्च अदालत जले

**हाम्रा संवाददाता**

**पाल्पा,** भदौ २४/ राज्यका तीनै अंग मानिने व्यवस्थापिका संसद, कार्यपालिका सिंहदरबार र न्यायपालिका सर्वोच्च अदालत आन्दोलनकारीको नियन्त्रणमा पुगेका छन् । जेन-जी आन्दोलनमा सरकारले चर्को दमन गर्दा दुई दर्जान नागरिकको मृत्यु भएपछि आन्दोलनकारीले राज्यका तीनवटै अङ्ग नियन्त्रणमा लिएका हुन् ।

जेनजीको आह्वानमा भएको आन्दोलन नियन्त्रणबाहिर गएपछि प्रधानमन्त्री, मन्त्री र सांसदहरुले धमाधम राजीनामा दिएका छन् । सोमबार योस माचार तयार पार्दासम्म प्रधानमन्त्री केपी शर्मा ओली,गृहमन्त्री रमेश लेखक, कृषिमन्त्री रामनाथ अधिकारी, स्वास्थ्य मन्त्री प्रदिप पौडेल, खानेपानीमन्त्री प्रदीप यादव, युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी लगायतका मन्त्रीहरुले राजीनामा दिएका छन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदले समेत समूहिक राजीनामा दिइसकेका छन् । पछिल्लो विकसित



घटना क्रमलाई देखाउँदै उनीहरुले राजीनामा दिइएको जनाइएको छ । आन्दोलनकारीले सुरक्षा निकायलाई समेत कब्जामा लिएर सरकारी संरचना, पार्टी कार्यालयहरु, प्रधानमन्त्री, मन्त्री, सांसद र नेताहरुको घरमा तोडफोड गर्नुको साथै केही नेताहरुलाई घाइते समेत बनाएका छन् । तीनवटै निकायका मुख्य भवनहरूमा आगजनी भएको छ । त्यहाँ आन्दोलनकारीहरू प्रवेश गरेर तोडफोड गरेका छन् । प्रदर्शनकारीले काठमाडौंको नयाँबानेश्वरस्थित संसद भवनमा आगजनी गरेका छन् । जेनजी प्रदर्शनमा प्रहरी दमन हुँदा आक्रोशित समूहले संसद भवन भित्र प्रवेश गरी आगो लगाइदिएको हो । आगलागीबाट संसद भवनभित्रका सभा हल, दलका कार्यालय सबै नष्ट भएका छन् । नेपालको राष्ट्रिय झण्डा फहराउँदै संसद भवनभित्र युवाहरुको समूह प्रवेश गरेपछि प्रहरीहरु सुरक्षा छाडेर भागेका थिए । त्यसक्रममा केही प्रदर्शनकारीले त्यहाँ खटिएका सुरक्षाकर्मीको बन्दुक खोसेर खुसीयाली मनाएका थिए । नेपालमा भएका राजनीतिक आन्दोलनमा संसद भवनभित्रै आक्रमण, तोडफोड र आगजनी भएको यो पहिलो पटक हो । प्रदर्शनकारीले सिंहदरबारको मुख्य भवनमा समेत आगजनी गरेका छन् । सिंहदरबार राणाकालीन ऐतिहासिक सम्पदा हो । यो मुख्य भवनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लगायत छन् । सिंहदरबारका चारवटै गेटमा सुरक्षाकर्मी थिएनन् । त्यसैले प्रदर्शनकारीहरु सजिलै सिंहदरबार प्रवेश गरेका थिए । नेपालको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार अहिले पूर्णरुपमा प्रदर्शनकारीको कब्जामा छ । सिंहदरबारपछि सर्वोच्च अदालत र त्यहाँ रहेका कागजात पनि जलाइदिएका छन् । महान्याधिवक्ताको कार्यालय, नेपाल बार एसोसिएसन, काठमाडौं जिल्ला अदालत लगायतका सबै भवनहरूमा प्रदर्शनकारी प्रवेश गरी आगजनी गरेका छन् ।

**कुटिए देउवा दम्पती**

पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका दम्पती नै कुटिएका छन् । उग्र प्रदर्शमा उत्रिएका जेनजीहरूले देउवा र उनकी पत्नी परराष्ट्रमन्त्रीसमेत रहेकी आरजु राणा देउवालाई कुटपिट गरेका हुन् । बूढानिलकण्ठस्थित निवासमा प्रदर्शनकारीको कुटपिटबाट उनीहरु घाइते भएका छन् ।

**रविलाई कारागारबाट निकालियो**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई नक्खु कारागारबाट बाहिर निकालिएको छ । आन्दोलनरत जेन-जी युवाहरूले लामिछानेलाई नक्खु कारागारबाट बाहिर निकालेका हुन । आन्दोलनकारी मंगलबार बिहानैदेखि नख्खु कारागारबाहिर जम्मा भएका थिए ।कारागार प्रशासनले लामिछानेलाई लिन आएकाहरूलाई रोक्न नसकेपछि बाहिर निकालिएको हो । *-बाँकी अन्तिम पेजमा...*

# आज विश्वआत्महत्या रोकथाम दिवस




**पाल्पा,** भदौ २४/आज विश्व आत्महत्या रोकथामदिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष सेप्टेम्बर १० मा यो दिवस मनाउने गरिन्छ । आत्महत्या रोकथाम विश्वभर नै चुनौतीको रूपमा रहेको छ ।

प्रत्येक वर्ष आत्महत्याको कारण आठ लाख जनाको मृत्यु हुने तथ्यांकले देखाउँछ । हरेक ४० सेकेण्डमा विश्वमा एक व्यक्तिले आत्यहत्याका कारण ज्यान गुमाइरहेका हुने विश्व स्वास्थ्य संगठनको तथ्यांक छ । आत्महत्या रोकथाम दिवस मनाईरहँदा नेपालमा भने आत्महत्याको घटनाले बिकराल रूप लिदै गएको छ । नेपालमा बर्षेनी आत्महत्या गर्नेको संख्यामा वृद्धि भैरहेको छ । आत्महत्या गर्नेहरूको संख्या बढ्दै गर्दा रोकथामका लागि उपायको खोजी अब अति आवश्यक भइसकेको छ । आत्महत्या बढ्नुको कारणमा मानसिक समस्यालाई प्रमुखकारण मानिएको छ । त्यसमा पनि गरिवी, पारिवारिक कलह, लामो समय परिवारबाट अलग हुनु, तनाव, कामको बोझ आदि प्रमुख कारण रहेका छन् ।

# चिउरीको तेल पेल्न भ्याइनभ्याइ



**घोराही (दाङ),** भदौ २४/घोराही उपमहानरपालिका-१३ भिउँडरका स्थानीय कालु विकलाई आजभोलि चिउरीको तेल पेल्न भ्याइनभ्याइ भएको छ । नेपालीहरूको महान् पर्व दसैं-तिहार आउन थालेसँगै उनलाई चिउरी पेल्न भ्याइनभ्याइ भएको हो ।

दसैं र तिहारका लागि रोटी पकाउनेदेखि 'सिजन'मा चिउरीको तेल बिक्री गरेर दुईचार पैसा कमाउनका लागि तेल पेल्न थालेको उनी बताउँन्छन् । उमेरले ५६ वर्ष पुगेका विकले यस वर्षदेखि चिउरी पेल्नका लागि आधुनिक कोलसमेत निर्माण गरेका छन् । त्यसका कारण आफूसँगै अन्य स्थानीयलाई समेत तेल पेल्न सहज भएको बताए ।

"जङ्गलमा ठूला-ठूला रूख भएका कारण यस वर्ष धेरै चिउरी टिप्न सकेन, तर पनि एक सिजनमा एक लाख ५० हजार बढी आम्दानी हुन्छ", उनले भने, "चिउरीले गर्दा जीविकोपार्जनमा ठूलो भूमिका खेलेको छ ।" उनले यही तेलबाट दसैं र तिहारका लागि रोटी पकाउनाका साथै तेल बिक्री गर्ने र त्यहाँबाट आएको पैसाले अन्य सामान किनमेल गर्न सहज हुने बताए । उनले अहिले एक धार्नीलाई रु ८०० का दरले बिक्री गर्दै आएका छन् । अहिले आधुनिक कोलसमेत निर्माण गरेकाले विभिन्न ठाउँबाट तेल पेल्न आउने भएकाले झन् व्यस्तता बढेको उनको भनाइ छ । परम्परागत कोलमा पेल्दा जनशक्ति र समय धेरै लाग्ने गरेकामा हाल भने धेरै सजिलो भएको उनले बताए । विकले अन्यबाट किलोको १० मा तेल पेलेबापत लिने गरेका छन् । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## समस्याको समाधान खोजौं

मुलुकमा जेनजी पुस्ताको विरोध प्रदर्शन र त्यसपश्चात्को पाशविक दमनले मुलुकको लोकतान्त्रिक इतिहासमा अर्को कालो पाना थपिदिएको छ । सामाजिक सञ्जाल बन्द गर्ने सरकारको मनोमानीविरुद्ध तथा मुलुकमा विद्यमान भ्रष्टाचार र बेथितिअन्त्त गर्नुपर्ने मागसहित देशभरका सडकमा उत्रिएका युवामाथि अन्धाधुन्ध गोली चलाएर अनाहकमा दुई दर्जन नागरिकको अकालमा ज्यान गयो । नागरिकले भुक्तान गरेको करको जगमा राजनीतिक नेतृत्वको विलासी जीवन सम्भव भएको बुझाइमा सिंगो समाज आक्रोशित छ । त्यो आवाजको प्रतिनिधित्व नयाँ पुस्ताले गरेको हो । तर जनताको आवाज सुन्नै पर्ने सवैधानिक दायित्व बोकेको सरकार भने जनताको आवाज थुन्ने र युवाको जीवन छिन्ने बाटोमा अग्रसर देखियो । आवाज लिएर कलेज ड्रेसमा आएका विद्यार्थीमाथि असिनाजस्तै गोली बर्साइयो । यो मानवीय क्षति नेपाली समाजका लागि अपूरणीय छ । मृत्यु गराउनु कुनै पनि हिसाबले क्षम्य अपराध हुन सक्दैन । यो सरकार माथिको गहिरो कलंकको धब्बा हो ।

यो घटनापछि प्रधानमन्त्री केपी शर्मा ओलीसहितका मन्त्री र सांसदहरुले धमाधम राजीनामा दिए । शासकका रुपमा आफ्नो अन्तिम घडीमा पनि नेपाली जनतालाई मूर्ख बनाउने चाल असफल भएपछि अन्ततः प्रधानमन्त्रीले राजीनामा दिएका हुन् । राजीनामा दिँदैमा समस्याको समाधान हुन सक्दैन । शान्ति सुव्यवस्थाका लागि प्रयत्नशील रहनुभन्दा नरसंहार मच्चाउन सरकार किन उद्दत भयो, जवाफ दिनैपर्छ । चैत १५ गते राजावादी राप्रपाको आन्दोलनबाट पनि पाठ नसिकेको सरकारले राजीना दिदैँमा सबै समस्या समाधान हुन्छ भन्न सकिदैन । यस घटनाले नेपाललाई अन्तर्राष्ट्रिय समुदायमा समेत लज्जित बनाएको छ । शान्तिपूर्ण आन्दोलनलाई हिंस्रक बनाउने, सुरक्षा संवेदनशीलता नअपनाउने, परिस्थिति नियन्त्रण गर्न नसक्ने प्रधानमन्त्री, गृहमन्त्री र सिंगो प्रहरी प्रशासन कारवाहीको भागीदार बन्नै पर्छ । राजीनामा दिँदैमा प्रधानमन्त्री, मन्त्रीले उन्मुक्ति पाउनुहुँदैन । यति ठूलो अपराधको लागि उनीहरुले देश र जनतासँग औपचारिक रुपमा माफी माग्नैपर्छ । काठमाडौंका प्रमुख जिल्ला अधिकारीदेखि सुरक्षा प्रमुखसम्मलाई तत्काल जिम्मेवारीबाट मुक्त गर्दै विभागीय कारबाही गरिनुपर्छ ।तर यति मात्र पर्याप्त हुँदैन् । घटनाको सत्यतथ्य छानबिन गर्नुको साथै मृतकका परिवारलाई क्षतिपूर्ति दिन र घाइतेको निःशुल्क उपचार गरी जेन जीको अठोट र आकांक्षाअनुसार देशलाई नयाँ मार्गमा डोऱ्याउन नयाँ योजना, दृष्टिकोण र नेतृत्व तत्काल अपरिहार्य भएको छ । युवाहरूको बलिदानी र नेपाली समाजको संकल्पलाई संस्थागत गर्न अविलम्ब देशको नेतृत्वमा हस्तक्षेपकारी परिवर्तन हुनुपर्छ । त्यसका लागि को, कस्तो र कहिले भनेर विभाजित हुने सुविधा नेपाली समाजलाई छैन ।

### Opinion @ Social Network

सपना देखेर मात्र पुग्दैन साथी,
सपना पूरा गर्न निन्द्रा बिर्सिनुपर्छ ।
*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Shanta.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सोह्रौं पञ्चवर्षीय योजनामा विकासको सोच



**मेघनाथ दाहाल**

> *विकासका सबै आयाममा लैंगिक मूलप्रवाहीकरण आधुनिक प्रविधिको प्रयोग वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्दै लैजानेछ । चौथो रणनीतिमा, अध्ययन अनुसन्धान र तथ्य प्रमाणको आधारमा नीतिनिर्माण एवं विकासका कार्यक्रमको कार्यान्वयन गर्दै लैजाने । दिगो आधारसहितको सामाजिक न्याय र समृद्धिका लागि तय गरिएका चालीसवटा लक्ष्यमा सबैभन्दा बढी आर्थिक तथा व्यावसायिक समृद्धिको पक्षमा बीसवटा छन् । नेपालको हकमा सबै योजनाको कार्यान्वयनको साथमा बजेट व्यवस्थापन सदा चुनौतीपूर्ण पक्ष हो ।*

विसं २०१३ सालबाट सुरु भएको नेपालको योजनाबद्ध विकासको चरणगत आर्थिक वर्षसँगै १६औं योजनामा प्रवेश गरेको छ । निकै आशलाग्दो कामको सुरुवात हो । नेपालको योजनाबद्ध विकास प्रयासमा २०८१/०८२ देखि २०८५/०८६ सम्मको समयलाई १६औं योजनाको रूपमा परिभाषित गरिएको छ । अत्यन्तै महत्वकांक्षी लक्ष्य तथा कार्यक्रमका साथमा कार्यान्वयनमा लगिएको १६औं योजना मुलुकको समग्र राजनीतिक एवं समाजिक रूपमा सहज परिवेशमा भए तापनि लक्ष्य हासिल गर्न राजनीतिक वृत्तको साथमा आर्थिक तथा अन्य सबै क्षेत्रले साथ दिनुपर्ने हुन्छ । सुशासन, सामाजिक न्याय र समृद्धिको मूल नाराको साथमा १११ खर्ब ८४ अर्ब २३ करोडको कूल लागत अनुमानसहित कार्यान्वयनमा गइसकेको छ । आन्तरिक रूपमा नेपालका योजनाकार, अर्थशास्त्री, सामाजिक विज्ञ, राजनीतिक व्यक्ति तथा बाह्य रूपमा नेपालको समग्र विकासको चाहना राख्नेले निकै चासोकासाथ यस योजनालाई लिएको पाइन्छ । यस योजनाका जम्मा चालीसवटा लक्ष्यमा दश सुशासनको क्षेत्रमा, दश न्यायको हकमा र बाँकी बीस आर्थिक तथा व्यावसायिक समृद्धिको हकमा तय भएका छन् । समष्टिगत रणनीतिका संख्या चार र संरचनात्मक रूपान्तरणको निमित्त तयार भएका क्षेत्र १३ वटा यकिन गरिएको छ । यसरी हेर्दा राम्रा देखिए तापनि चालीसवटा लक्ष्य आफैंमा धेरै हुन् ।

धेरै लक्ष्य भएकाले रणनीतिक क्रियाकलापमा थोरैमात्र आँच आएकाखण्डमा लक्ष्यमा पुग्न सकिँदैन । मुख्य चारवटा रणनीतिको साथमा लक्ष्यको निर्धारण र प्राप्तिमा योजना कार्यान्वयनमा लगेको छ । पहिलो रणनीतिमा, विकासका सबै संरचनात्मक अवरोधको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने । दोस्रो, संघ, प्रदेश र स्थानीय तहमा सरकारी, निजी, सहकारी एवं गैरसरकारी क्षेत्र साझेदारी सहयोगमा अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास कार्यान्वयन गर्नेछ । विकासका सबै आयाममा लैंगिक मूलप्रवाहीकरण आधुनिक प्रविधिको प्रयोग वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्दै लैजानेछ । चौथो रणनीतिमा, अध्ययन अनुसन्धान र तथ्य प्रमाणको आधारमा नीतिनिर्माण एवं विकासका कार्यक्रमको कार्यान्वयन गर्दै लैजाने । दिगो आधारसहितको सामाजिक न्याय र समृद्धिका लागि तय गरिएका चालीसवटा लक्ष्यमा सबैभन्दा बढी आर्थिक तथा व्यावसायिक समृद्धिको पक्षमा बीसवटा छन् । सुशासन, न्याय र आर्थिकको रूपमा विभाजित गरिएको भए तापनि मूलतः यिनीहरूले शासकीय स्वरूप र सुशासनको आडमै अघि जाने सामर्थ्य राख्दछन् । नेपालको हकमा सबै योजनाको कार्यान्वयनको साथमा बजेट व्यवस्थापन सदा चुनौतीपूर्ण पक्ष हो । यसको सोझो कारण वैदेशिक सहायतामा अनुदान ह्वात्तै घटेर गएको छ भने ऋण पूर्णतः सशर्त वा माथिल्लो स्तरको ब्याजदरमा निर्धारण हुनेभएकाले हो । आफ्नो वित्तीय क्षमतामा सुधार हुनसकेको छैन । यसले आगोमा घ्यू थप्ने काम गरेको छ । आर्थिक वर्ष २०८५।०८६ सम्मको कूल बजेटमा सार्वजनिक क्षेत्रको रकम ३३ खर्ब ७० अर्ब अनुमानित विनियोजन गरिएको छ भने निजी क्षेत्रलाई ७५ खर्ब १५ अर्ब र सहकारी क्षेत्रका लागि २ खर्ब ९० अर्बको सीमा तोकिएको छ । सार्वजनिक वा सरकारको हकमा लगभग ३४ खर्बको विनियोजन धेरै नहोला तर सुधार नभएसम्म निजी क्षेत्रले त्यस रकमको खर्च गर्ने क्षमता औचित्य राख्नु व्यावहारिक हुँदैन । सहकारी क्षेत्रका लागि विनियोजन गरिएको झण्डै तीन खर्बको रकमको सीमा महत्वाकांक्षी देखिन्छ । यहाँनेर विचारणीय पक्ष के छ भने पुँजीगत खर्च सार्वजनिक क्षेत्र ३३ खर्ब ७० अर्बको सीमा तोकिएको हो भने हुनै नसक्ने हो । विगत चार-पाँच वर्षदेखि सरकारी तबरबाट हुनेगरेको पुँजीगत खर्चको सीमा तीन खर्ब आर्थिक वर्षमा पुगेको रेकर्ड छैन । दुई खर्बको वरिपरि छ । वार्षिक बजेटमा जसोतसो तीन खर्बको पुँजीगत बजेट विनियोजन छ । कार्यान्वयनको अवस्था हेर्न अझ सिंगै एक वर्ष पर्खिनुपर्ने बाध्याता छ । सहकारी क्षेत्रका लागि अनुमानित रकम बढी देखिन्छ । सहकारी क्षेत्रमा जरा गाडेर बसेका समस्या समाधान हुन नसकको साथमा आगामी दिनमा झण्डै तीन खर्बको रकम खर्च गर्नु चानचुने कुरा होइन । यिनै कारणले अन्तिम वर्षमा राखिएको यस योजनाले राखेको ७.३ प्रतिशतको लक्ष्य सजिलै हात लाग्ने विषय होइन । सरकारी तवरबाट हुने अनुमानित खर्चको जोहो तथा समयमा लगानी हुनसके र राजस्व परिचालनलगायत आन्तरिक रूपमा अर्थतन्त्रका यावत् पक्षमा बहुआयामिक गतिशीलताको सकारात्मक प्रभाव पार्न सकिएमा उपलब्धि हासिल हुनसक्ने थियो । बजेट व्यवस्थापनको पहिलो चरणमै सरकारका लागि दाँतमा ढुंगा लाग्ने देखिएको छ । थपिने विषय भनेको दातृ मुलुकबाट अनुमान गरिएको ऋण तथा अनुदानको घट्दै गएको हिस्साले सोच्न बाध्य बनाएको छ । २१००औं शताब्दीको दीर्घकालीन लक्ष्यका साथमा पञ्चवर्षीय योजनाले लक्षित उपलब्धिका निम्ति १३ वटा रूपान्तरणका क्षेत्र निर्धारण गरेको छ । आर्थिक वृद्धिदर, उत्पादन उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका साथमा उत्पादनशील रोजगारी मर्यादित श्रम र दिगो सामाजिक सुरक्षालाई समावेश गरेको छ । शिक्षित र सीपयुक्त मानवपुँजीको विकास गर्दै गुणस्तरीय भौतिक पूर्वाधारको विकासका साथमा सघन अन्तर आबद्धता कामय राख्ने रूपान्तरणको अर्को लक्ष्य छ । योजनाबद्ध दिगो शहरीकरण र बस्ती विकाससँगै लैंगिक समानता सामाजिक न्याय तथा समावेशी समाज परिकल्पना गरेको छ । प्रादेशिक, स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास यस योजनाको लक्ष्य छ । गरिबी, असमानताको न्यूनीकरण र समातामूलक समाज निर्माणमा प्रभावकारी वित्त व्यवस्थापन पुँजीगत खर्च क्षमता अभिवृद्धि हो । शासकीय सुधार, सुशासन प्रवर्द्धनलाई एघारौं लक्ष्यमा छ । विषम जलवायु परिवर्तनसँग जुध्न जैविक विविधता र हरित लक्ष्य छ । अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति, दिगो विकास लक्ष्य कार्यान्वयन यस योजनाले राखेको अन्तिम लक्ष्य छ । विश्व परिवेशको राजनीतिक माहौल, शक्तिसंघर्षलगायत रसिया तथा युक्रेनको युद्धको साथमा चीनको बढ्दो प्रभाव, अमेरिकी व्यापार नीतिले नेपालको विकास प्रयासमा सकारात्मक चासो राख्ने संघसंस्था, मुलुक र व्यक्तिका लागि आउँदा दिन अनुकूल हुने अवस्थामा रहेका देखिँदैनन् । नेपालको विकास बजेटको ठूलो हिस्सा आज पनि वैदेशिक अनुदान वा ऋणको भरमा चलिरहेको छ । यस हिसाबमा बजेट व्यस्थापनले टाउको दुखाउने छनक पाइन्छ ।

ज्वलन्त उदारहण गएका दुई-तीन आर्थिक वर्षमा वैदेशिक ऋण एवं अनुदान दुवैको हिस्सा घटेको तथ्यांकले प्रष्ट्याइरहेको छ । गत आर्थिक वर्षमा अनुदानको हिस्सा अनुमानित रकमको बीस प्रतिशत मुनि भित्रिनुले अझ समस्या थपेको छ । ऋणको हकमा सहुलियतपूर्णभन्दा कडा किसिमका शर्तसहितका ऋणहरूको प्रस्ताव आउनुले अबका दिनमा नेपालले तय गरेको योजनालाई सहयोग पुग्ने रकम सजिलै भित्रिने कुरामा शंका देखिन्छ । पछिल्लो समय विकास भएको अमेरिकी ट्रम्प थ्योरी, रसियामा विकसित पुटिन डक्ट्रिन, साथमा पूरै युरोपको टाउको दुखाइको बनेको युक्रेन र भारतमा विकसित मोदी फोबियाको सिकार नेपालको विकास प्रयासमा प्रत्यक्ष रूपमा पर्ने शंकेत देखापरेको छ । तीन दर्जनभन्दा माथिको संख्यामा रहेका लक्ष्य र चार रणनीति, १३ रूपान्तरणका क्षेत्रको साथमा विसं २१०० सम्म आर्थिक वृद्धिदर १०.३ र औसतमा वार्षिक सात प्रतिशतको लक्ष्य छ । साक्षरता प्रतिशत ९५ मा पुऱ्याउनुको साथै निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसंख्याको प्रतिशत शून्यमा झार्ने महत्वाकांक्षी लक्ष्य छ । मानव विकास सूचकांक हालको मध्यमस्तरबाट उकास्दै ०.७६० पुऱ्याउने लक्ष्य छ । प्रतिव्यक्ति आम्दानिको लक्ष्य १२,१०० डलर पुऱ्याउनेछ भने जलविद्युत् उत्पादन क्षमता ४०,००० मेगावाट छ । १६औं योजनाले पाँचवर्षको मात्र नभएर आउँदो तीनवटा पञ्चवर्षीय योजनाको खाका एवं लक्ष्य निर्धारण गरेको छ । योजना आफैंमा कोशेढुंगा देखिन्छ तर सबै पक्षको उपलब्धि कार्यान्वनको चरणमा र उपलब्धिले मात्र मापन गर्ने हुँदा सरकारमा जानेहरू निकै गम्भीर हुनुपर्ने देखिन्छ । नेपालका हरेक विकास परियोजनाका पेपरवर्क अत्यन्तै सुन्दर, कर्णप्रिय छन् । कार्यान्वयनको हकमा सधैं फितला रहेकाले संघ, प्रदेश र स्थानीय सबै तहले गहन विचार पुऱ्याउनुपर्ने हुन्छ । संरचनात्मक रूपान्तरणले निर्धारण गरेका विविध क्षेत्र विशिष्ट किसिमको नभएर धेरै क्षेत्र ओगटेका र समान्यकृत गरिएकाले कार्यान्वनपछि ढुलमुले नतिजा आउने हो कि । सबैभन्दा माथिल्लो स्तरमा राजनीतिक नेतृत्व, उसको इमानदारी र साथमा अर्थतन्त्रको आन्तरिक तथा बाह्य संरचनागत स्वरूप, आफ्नै काम गराइले हरेक क्रियाकलापको साथमा लक्षित उद्देश्य हासिल गर्न मद्दत गर्ने भएकाले राजनीतिक, आर्थिक, व्यावसायिकलगायत विकास प्रयासमा प्रत्यक्ष-अप्रत्यक्ष असर पार्ने हरेक गतिविधिमै सकारात्मक सुधारको खाँचो देखिन्छ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सानातिना काममा अल्झिनुपर्ला। स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। | **तुला** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। शत्रुहरू सक्रिय रहनेछन्। |
| **वृष** : अरुको काममा फाइदा आफैंलाई हुनेछ। भाग्यले विभिन्न अवसर थमाउनेछ। | **वृश्चिक** : सन्तानको प्रगतिले मन हर्षित र हनेछ। दाम्पत्य जीवनमा आत्मीयता बढ्नेछ। |
| **मिथुन** : शुभचिन्तकहरूको साथ र सहयोग मिल्नेछ। कीर्तिमान समय रहेको छ। | **धनु** : धेरै कार्यहरू सम्पादन हुनेछन्। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **कर्कट** : समय निकै उत्साहवर्धक रहनेछ। कार्यको शुभारम्भ गर्ने समय रहेको छ। | **मकर** : पुराना योजनाहरू पूरा गर्न सकिनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ। |
| **सिंह** : भनेजस्तो सहयोग नमिल्ला। दिगो फाइदा हुने कार्य सम्पादन हुनेछ। | **कुम्भ** : मान प्रतिष्ठा बढ्नेछ। सेवामूलक कामबाट प्रसिद्धि प्राप्त हुनेछ। |
| **कन्या** : कार्यक्षेत्रमा अवरोध उत्पन्न गर्नेछन्। अरूको फाइदाको लागि उपयोग भइनेछ। | **मीन** : आत्ममन्थन गर्ने समय रहेको छ। व्यापार विस्तारमा सहायक हुनेछन्। |

## कला मनोरञ्जन

# मनोरञ्जन क्षेत्रमा 'डिजिटल लकडाउन'




नेपालमा सामाजिक सञ्जाल र युट्युब बन्द भएपछि मनोरञ्जन क्षेत्र, विशेषगरी चलचित्र र संगीत क्षेत्रमा गम्भीर संकट देखापरेको छ । प्रचार-प्रसारदेखि आम्दानीसम्मको प्रमुख आधार बनेको युट्युब अचानक अवरुद्ध भएपछि, निर्माणाधीन तथा रिलिज तयारीमा रहेका धेरै चलचित्र र गीतहरू 'अघिल्लो योजना' अनुसार सार्वजनिक हुनसकेका छैनन् । चलचित्रको प्रचार-प्रसारमा सामाजिक सञ्जालको भूमिका निर्णायक रहँदै आएको छ । तर, अहिले यी प्लेटफर्म बन्द भएपछि हलमै ट्रेलर रिलिज गर्ने बाध्यता सिर्जना भएको छ । निर्माता रोहित अधिकारीले सामाजिक सञ्जालमार्फत प्रचार सम्भव नभएकाले चलचित्र 'माइतिघर'को ट्रेलर सीधै हलमा सार्वजनिक गर्ने घोषणा गर्नुभएको छ । यो सम्भवत: पहिलोपटक हो कि कुनै नेपाली चलचित्रले आफ्नो ट्रेलर डिजिटल प्लेटफर्म नभई हलमार्फत ल्याउन लागेको छ । यस्तै, चलचित्र 'बलिदान'को निर्देशक सन्तोष सेनले सार्वजनिकको तयारीमा रहेको चलचित्रको गीत 'आमा' तत्कालका लागि रोक्नुभएको छ ।

निर्देशक सेनका अनुसार उपयुक्त समय पर्खेरमात्रै रिलिज गर्ने रणनीति अपनाइएको छ ।

त्यसैगरी 'जारी २' रामबाबु गुरुङ निर्देशित प्रतिक्षित चलचित्र 'जारी २'को ट्रेलर पनि ढिलाइ भएको छ । प्रारम्भिक योजनाअनुसार असोज ३ मा रिलिज गर्नुपर्ने भए पनि युट्युब बन्दका कारण अब सम्भवत: केही दिनपछि मात्रै रिलिज हुने बताइएको छ । यस्तै, नेपाली संगीत क्षेत्र आजको दिनमा युट्युबमा पूर्ण निर्भर छ । युट्युबले न केवल प्रवर्धनको प्लेटफर्म दिएको छ, बरू कलाकारहरूको प्रमुख आम्दानी स्रोत पनि बनेको छ । विभिन्न गायक-गायिकाले श्रोता/दर्शकमाझ ल्याउन लागेका गीतका भिडियोहरू रोकिएका छन् । संगीत क्षेत्रमा करोडौं रुपैयाँ लगानी गरेका प्रमुख युट्युब च्यानलहरूमा पनि यसले प्रत्यक्ष असर परेको छ । ओएसआर, बुढासुब्बा, म्युजिक नेपाल जस्ता कम्पनीहरूले आफ्ना कन्टेन्ट रिलिज रोक्नु परेको छ । टिकटकले गीतलाई भाइरल बनाउन मद्दत गर्ने भए पनि आर्थिक आम्दानी, विज्ञापन र प्रवर्धनमा युट्युबकै योगदान सर्वाधिक छ । सामाजिक सञ्जालमा प्रचारप्रसार अवरुद्ध हुँदा चलचित्रका सामग्री रिलिजमा ढिलाइ र हलमा दर्शक तान्ने रणनीति कमजोर भएको छ । संगीत क्षेत्रमा कलाकारहरूको प्रमुख आय श्रोत कटेपछि, उत्पादनमा लगानी गर्ने उत्साह घटेको छ । अहिले सामाजिक सञ्जाल प्रतिबन्धको फूलपातीमा प्रदर्शन मिति तोकिएका चलचित्र 'बलिदान', र 'माइतीघर'को गीत सार्वजनिक रोकिएको छ । प्रतिबन्धले यी गीत सार्वजनिक विषय अन्योलमा धकेलिएको छ । यस वर्षको बडादशैँमा चलचित्र 'बलिदान', 'माइतीघर' र 'हरिबहादुरको जुता' प्रदर्शनमा आउँदैछन् । सामाजिक सञ्जाल प्रतिबन्धको अझ ठूलो असर टेलिचलचित्र र सिरियलहरूमा परेको छ । यस्तै कन्टेन्ट क्रिएटरहरूलाई यसले अझै ठूलो असर परेको छ । सामाजिक सञ्जाल फेसबुक, युट्युब, इन्स्टाग्राम, एक्सलगायतलाई २६ सामाजिक सञ्जाललाई सूचीकरणमा नआए भन्दै सरकारले बन्द गरेपछि यसको चौतफीविरोध भएको छ । सरकारको नियम नीति नियम नमानेर अटेर गर्नु राम्रो कुरा हुँदै होइन । ती सामाजिक सञ्जाल प्लेटफर्महरूले लापरबाही गरेकै हुन् । तर, सरकार त जनताको अभिभावक हो, उसले एकपटक आफ्ना नागरिकको रोजीरोटीलाई पनि त हेर्नुपर्थ्यो भन्ने सवाल सम्बन्धितहरूले उठाएका छन् ।

ठूलो डिजिटल अर्थतन्त्र नै बन्द : दीपकराज गिरी, निर्देशक चलचित्र निर्देशक तथा कलाकार दीपकराज गिरी सामाजिक सञ्जाल बन्दले मनोरञ्जन क्षेत्रमात्र नभएर सबैतिर असर गरेको बताउँदै एक ठूलो डिजिटल अर्थतन्त्र नै बन्द भएको बताउनुहुन्छ । 'मनोरञ्जन क्षेत्रका मुख्य आम्दानी युट्युब, फेसबुक, इन्स्टाग्रामलगायत प्लेटफर्ममा बन्दले असर पारेको छ', उहाँ भन्नुहुन्छ, ' सामाजिक सञ्जालबाट हुने विकृति हटाउन नीतिगत सुधार ल्याउन सकिन्छ, डिजिटल साक्षरताको अभियान सञ्चालन गर्न सकिन्छ, गलत सूचनाविरुद्धका उपकरण निर्माण गर्न सकिन्छ । तर प्लेटफर्म नै बन्द गर्नु भनेको आगो निभाउन पानी होइन, तेल खन्याउने हो ।' व्यापारिक हिसाबले मात्र नभएर हरेक सामान्य नागरिकले दैनिक रूपमा गरिरहेको सञ्जालको प्रयोग गर्न नपाउँदा दैनिकीमै अप्ठ्यारो सिर्जना भएको निर्देशक गिरीको भनाइ छ । सरकारले कानुन ल्याएर गर्नुपर्ने काम निर्णय र निर्देशनको भरमा गर्नु गल्ती भएको उहाँको तर्क छ । लामो समय यही अवस्था रहे देशको अर्थतन्त्रमा नराम्रो असर पर्ने गिरी बताउनुहुन्छ । सरकारले कम्पनीलाई कानुनी दायरामा ल्याउन यस्तो निर्णय गरेको भने पनि समग्रमा नागरिकको अधिकार हनन गरेको उहाँको प्रतिक्रिया छ । कला-संगीत क्षेत्रमा थप मार : सुरज श्रेष्ठ गायकगीत संगीत सबै क्षेत्र ठप्प रहेको बताउँदै गायक सुरज श्रेष्ठले आफू पनि गीत श्रोता/दर्शकमाझ ल्याउने तयारीमा रहेको तर ल्याउन नपाएको बताउनुहुन्छ । लाखौंको लगानी जोखिममा परेको भन्दै उहाँले यस विषयमा सरकार गम्भीर हुनुपर्ने बताउनुहुन्छ । सरकारले सामाजिक सञ्जाल बन्द गरेर आफूहरूजस्ता कला-संगीत क्षेत्रमा काम गरिरहेकालाई थप मारमा पारेको उहाँको बुझाइ छ । 'सरकारले युवालाई रोजगारी दिन सकेको छैन । केही गरिरेहकाहरूको पनि खोस्दै छ,' उहाँले भन्नुभयो, 'सरकारले गरिखानेलाई दु:ख दिने काम गरेको छ ।' यसबाट मनोरञ्जन क्षेत्रमात्र नभएर समग्र क्षेत्रलाई असर परेको उहाँ बताउनुहुन्छ ।

सरकारको यस्ता क्रियाकलापले देशमा बेरोजगारी बढ्ने उहाँको भनाइ छ । गीतसंगीत क्षेत्रमा ठूलो असर : सारिका घिमिरे, गायिका सरकारले समाजिक सञ्जालमा प्रतिबन्ध लगाएका कारण गीतसंगीत क्षेत्रमा ठूलो असर परेको गायिका सारिका घिमिरे बताउनुहुन्छ । नेपालबाट दर्जनौं गीत युट्युबमा अपलोड हुनेगरेको बताउँदै यसले यस क्षेत्रका सर्जकलाई निराशा बनाएको उहाँको भनाइ छ । 'आज युट्युब नै संगीतकर्मीहरूको सबैभन्दा पहिलो र मुख्य आम्दानीको स्रोत बनेको छ । गीतसंगीतलाई निर्वाध आफ्ना श्रोता-दर्शकमाझ पुऱ्याउने निर्विकल्प जस्तै माध्यम बनेको छ,' उनि भुन्छन्, 'अब युट्युब नै बन्द भएपछि संगीत क्षेत्रमा लागेकाले के गर्ने, सरकारले विकल्प दिएर बन्द गर्नुपर्थ्यो ।' सामाजिक सञ्जाल बन्द हुँदाकला क्षेत्रमा लाग्दै गरेकाहरूको घाँटी निमोठिनेछ भने स्थापित संगीतकर्मीका सिर्जना खुम्चिन बाध्य हुने उनको भनाइ छ ।

*-इहिमालय टाइम्स डटकम*

# जेनजीमाथि सरकारको बर्बर दमनको कलाकारले गरे विरोध



भ्रष्टाचार, सत्ताको दुरुपयोग र सामाजिक सञ्जाल बन्दको विरोधमा सोमबार भएको जेनजी पुस्ताको प्रदर्शनमा सरकारले बर्बर दमन गरेको भन्दै कलाकारहरुले विरोध जनाएका छन् । प्रदर्शनमा सहभागी १८ जनाको मृत्यु भएपछि आक्रोशित भएका कलाकारहरुले सामाजिक सञ्जालमार्फत् 'हत्यारा सरकार' भन्दै प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामा समेत मागेका छन् ।

अभिनेत्री ऋचा शर्माले आन्दोलनका फदयविदारक तस्वीर ( रगताम्मे भएको जुत्ता) सामाजिक सञ्जालमा सेअर गर्दै सरकारले आफ्नो असली रुप देखाएको उल्लेख गरेकी छन् । उनले लेखेकी छन्, 'ढल्दै गएको पुस्ताले उदाउँदै गरेको पुस्तामाथि दमन गरेको छ र देशभित्रै ज्वालामुखी फुट्दैछ । हत्यारा सरकार, भ्रष्ट सरकार, अलोकतान्त्रिक सरकार ।' अभिनेत्री द्वय वर्षा सिवाकोटी र लक्ष्मी वर्देबाले पनि 'हत्यारा सरकार' भन्दै जेनजीमाथि भएको बर्बर दमनको विरोध गरेका छन् । अर्की अभिनेत्री आँचल शर्माले इन्स्टाग्राम स्टोरीमा एक पोस्ट लेख्दै 'दिनदहाडै हत्या गर्नुलाई नियन्त्रण भन्छौ' भन्दै सरकारलाई प्रश्न गरेकी छन् । उनले लेखेकी छन्, 'रगतले लतपतिएका तिमीहरुको अनुहारलाई इतिहासले हरेक दिन थुक्नेछ ।' त्यस्तै, अभिनेत्री रेखा थापाले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै जेनजीले उठाएको माग पूरा गर्न र संविधान संशोधन गर्न सरकारसँग आग्रह गरेकी छन् । अभिनेता पल शाहले न्याय र अधिकार खोज्दा ज्यान नै गुमाउनुपर्ने कठै मेरो देश भन्दै दु:ख व्यक्त गरेका छन् भने अर्का अभिनेता पुष्प खड्काले जनता देशको सम्पत्ति भए पनि राज्यले कठपुतली बनाएको भन्दै आक्रोश पोखेका छन् । निर्देशक तथा सांसद असिम शाह, निर्देशक तथा निर्माता सन्तोष सेन, ज्योतिष तथा अभिनेता हरिहर अधिकारी, अभिनेता दिव्यदेव पन्त, अभिनेत्रीहरु नीता ढुंगाना, नीति शाह, साम्राज्ञी राज्यलक्ष्मी शाह, आना शर्मा, सुहाना थापा लगायतले पनि जेनजीको प्रदर्शनमा भएको दमनको सामाजिक सञ्जालमार्फत् विरोध जनाएका छन् ।

*-फिल्मी खबर डटकम*

# 'छक्का पन्जा-यूएसए कमेडी टुर २०२५' को घोषणा



आत्रेय प्रोडक्सन हाउस र ग्लोबल इभेन्ट्सको संयुक्त प्रस्तुतिमा 'छक्का पन्जा- युएसए कमेडी टुर २०२५'को आयोजना हुने भएको छ । राजधानीमा आयोजित एक कार्यक्रममा टुरको औपचारिक घोषणा भयो । कार्यक्रम सेप्टेम्बर १९ बाट बाल्टिमोरबाट सुरुवात हुने र विभिन्न १५ स्थानमा हुने कार्यक्रममा जानकारी दिइयो । सेप्टेम्बर २० मा कोलाबस, २१ मा एक्रोन, २७ मा टेक्सास ( डालस)मा कार्यक्रम आयोजना हुँदैछ । हरेक वर्ष हुने डालस मोमो फेस्टिभलमा यो वर्ष करिब १५ हजार दर्शकको उपस्थिति रहनेछ । नेपालबाट समायोजन कोरेभेक्स सोलुसनको तर्फबाट हर्षित घिमिरेले गरिरहेका छन् भने अमेरिकामा सुदिप आत्रेय र सुमन अधिकारी रहेका छन् । कमेडी टुरमा छक्का पन्जा टिमको तर्फबाट दीपकराज गिरी, दीपाश्री निरौला र जितु नेपाल सहभागी हुनेछन् । त्यस्तै कलाकार तथा होस्ट आसिफ शाह, गायिका मिना पोखेल र धर्मेन्द्र सेवान पनि यो टुरमा सहभागी हुनेछन् । केही समय अगाडि मात्र आत्रेय प्रोडक्सन हाउसले प्रकाश सपुत सहितको विशेष सांगीतिक कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा करिब १५ वर्षपछि अमेरिका जान लाग्दा उत्साहित भएको कलाकार गिरीले बताए । 'अमेरिकाका हरेक सहरमा हाम्रा चलचित्र हेर्ने दर्शक हुनुहुन्छ । हरेक वर्षको दशैँमा हाम्रा चलचित्र दर्शकले हेर्नुहुन्थ्यो । यो पटक हाम्रो चलचित्र रिलिज छैन । त्यही भएर दर्शक भेट्न र उहाँहरूलाई धन्यवाद दिन र छक्का पन्जाको प्रत्यक्ष मज्जा दिनको लागि हामी यो यात्रामा सहभागी हुँदै छौँ', उनले भने । निर्देशक तथा कलाकार दीपाश्री निरौल भने उत्साहितसँगै केही नर्भस रहेको बताइन् । अभिनेता नेपालले भने दर्शकसँग प्रत्यक्ष भेट्न, दशैँ मनाउन आफू उत्साहित रहेको सुनाए ।

*-रातोपाटी डटकम*

# भारतीय अभिनेत्री मौनी रोयले गरिन् पशुपतिनाथ दर्शन



बलिउड अभिनेत्री मौनी रोयले पशुपतिनाथ मन्दिरको दर्शन गरेकी छन् । आफ्नो व्यक्तिगत जीवनका अपडेटहरू सामाजिक सञ्जालमा निरन्तर सेयर गरिरहने मौनी यस पटक नेपाल भ्रमणमा आएकी हुन् । मौनीले पशुपतिनाथ मन्दिरको दर्शन गरेका तस्बिरहरू आफ्नो सामाजिक सञ्जालमा सेयर गरेकी छन् । तस्बिरहरू सेयर गर्दै उनले लेखेकी छिन्, 'पशुपतिनाथ, न सम्मानको मोह, न अपमानको भय । म यहाँ आएर आफूलाई भाग्यमानी महसुस गरिरहेकी छु । आभारी छु, धन्य छु र कृतज्ञ पनि छु ।' सार्वजनिक तस्बिरहरूबाट उनको यो भ्रमण धार्मिक रहेको देखिन्छ । उनी सहयोगीसहित नेपाल आएको देखिन्छ । मौनी रोय डान्सर र गायिका समेत हुन्। उनले मुख्यतया हिन्दी टेलिभिजन र फिल्महरूमा काम गर्छिन् । भारतमा सबैभन्दा धेरै कमाउने टेलिभिजन अभिनेत्रीहरू मध्ये एक रोय अलौकिक थ्रिलर श्रृंखला नागिनबाट निकै चर्चामा आएकी थिइन् । उनले अक्षय कुमारसँग 'गोल्ड', आयन मुखर्जीको फिल्म 'ब्रम्हास्त्र: पार्ट वन', संजय दत्तसँग 'भूतनी' लगायतका फिल्ममा काम गरेकी छन् । *-सेतोपाटी डटकम*

# तानसेनमा जिल्लास्तरीय स्क्रयाबल च्याम्पियनशिप







**पाल्पा,** भाद्र २४/जिल्लामा पहिलो पटक जिल्लास्तरीय अंग्रेजी शब्द निर्माण खेल स्क्रयाबल प्रतियोगिता भएको छ । जिल्लाको तानसेन नगरपालिका- ३ मा रहेको पाल्पा आवासीय माध्यमिक विद्यालयमा प्रतियोगिता भएको हो । जिल्लाका विभिन्न विद्यालयका ८ जना विद्यार्थीहरुको सहभागितामा उक्त कार्यक्रम भएको जनाइएको छ ।

प्रतियोगितामा बेथल बोर्डिङ स्कूलका सगुन नेपाल प्रथम, सोही विद्यालयका आयुष परियार द्वितीय र पाल्पा आवासीयका श्रीजन पाण्डे तृतीय भएका छन् । जिल्ला प्रथम र द्वितीय भएका प्रतियोगी आउँदो असोज २८ देखि ३० गतेसम्म हुने राष्ट्रिय च्याम्पियनशिपमा खेल्ने स्क्रयाबल क्लब पाल्पाका संयोजक गोपाल प्रसाद बश्यालले बताए । अंग्रेजी अक्षरको टाइलबाट शब्द निर्माण गर्ने यो खेल २५–२५ मिनेटको समयअवधिमा जोडीमा प्रतिस्पर्धा गरिन्छ । प्रतियोगीहरूको जोडी परिवर्तन गरी २४ राउण्डमा खेलाउने अन्तर्राष्ट्रिय नियम रहेको भए ता पनि एक दिने जिल्लास्तर प्रतियोगितामा ४ राउण्ड मात्र खेलाइएको थियो । प्रतियोगीहरू स्वयम्ले समय पालना, कम्प्युटरबाट शब्द परीक्षण, स्कोरिङ अभिलेख राख्नुपर्ने र द्विपक्षीय सहमतिमा प्राप्तांक जम्मा गरिन्छ । सबै खेलको अंक हिसाब गरी खेलाडीको स्थान निर्धारण गरिन्छ । प्रतियोगिताको अन्तमा आयोजित पुरस्कार वितरण समारोहमा शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाका शाखा अधिकृत हेम शर्मा रिजालले विजयी खेलाडीलाई पुरस्कृत गर्दै यस खेलबाट शब्द निर्माणको साथै सिर्जनात्मक र पुरावृत्तिजस्ता बौद्धिक विकासमा सहयोग पुग्ने भएकाले यस खेलको विस्तार गर्नु आवश्यक रहेको बताए । त्यसैगरी पाल्पा आवासीय विद्यालयका प्रिन्सिपल गोपाल पि. सी., विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदारलाल श्रेष्ठ, पत्रकार यज्ञमूर्ति तिमिल्सीना, बेथल स्कूलका शिक्षक इना राना, र विद्यार्थी आयुष परियारले खेलको महत्वका बारेमा आ-आफ्ना धारणा राखेका थिए । स्क्रयाबल क्लबका जिल्ला संयोजक बश्यालको अध्यक्षता र इभेन्ट कोअर्डिनेटर क्षितिज नेपालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## चिउरीको तेले...

...उनले हाल दैनिक छ क्विन्टल चिउरीको तेल पेल्दै आएका छन् । विकले बिजुला कुट्ने मिल समेत आफैँले राखेका छन् । यसको तेल जैविक भएकाले स्वास्थ्यका लागि पनि फाइदाजनक रहेको उनी बताउन्छन् । घोराही-१३ तुरुन्तपुरका रामकली घर्तीले पनि चाडपर्वका लागि चिउरीको तेल पेलिसकेकी छन् । "विशेष गरेर दसैँ, तिहारका लागि १५ धार्नी चिउरीको तेल जोहो गरेको छु, हरेक वर्षको सिजनमा चिउरीको बिजुला टिप्ने र पेल्ने गर्दै आएका छौँ, स्वास्थ्यका लागि पनि निकै फाइदा जनक रहेकाले यसैको तेल मन पर्छ", घर्तीले भनिन, "त्यसैले चाडपर्वमा रोटी बनाउनका लागि मात्रै भए पनि चिउरीको तेल पेलेर राखेका छौँ ।" घरका लागि पुऱ्याएर पनि केही तेल बिक्री गर्ने गरेको उनी बताउन्छिन । जङ्गल गएर फल टिप्नुपर्ने, घर ल्याएर कुटेर र कोलमा पेलेर तेल निकाल्दा मेहनत धेरै लाग्ने गरेको उनको भनाइ छ । स्थानीयस्तरमै आधुनिक कोल निर्माण भएसँगै यहाँ मौलाकोट, लापे, धानछरे, बगाले, डुम्बर गाउँलगायतबाट मानिस तेल पेल्न आउने गरेको उनको भनाइ छ । चिउरीको तेल स्वास्थ्यका लागि फाइदासँगै पकाएका रोटी बास्ना आउने भएकाले यहाँका अधिकांश स्थानीयले दसैँ तथा तिहारका अवसरमा चिउरीको तेल पेल्ने गरेको घर्ती बताउन्छन । "अन्य समयमा तोरीको तेलले काम चलाए पनि चाडपर्वमा चिउरीको तेल खाने गर्दछन्", उनले भनिन, "जसले गर्दा आजभोलि कहिलेकाहीँ चिउरीको तेल पेल्नलाई समेत पालो कुर्नुपर्छ ।" अधिकांश स्थानीयले चाडपर्वमा घरका लागि चिउरीको तेल पेल्ने गरे पनि ठूलो परिवार हुने र मेहनत गर्ने परिवारले चिउरीको तेल बेचेर राम्रो आम्दानी गर्ने गरेको उनी बताउन्छि । घोराही-१३ भिउँडरका डल्ली विकले दसैँ, तिहारसँगै वर्षदिनसम्म खान पुग्ने चिउरीको तेल जोहो गर्न थालेको बताइन । घरमा पुगेपछि बिक्री पनि गर्ने गरेको उनले बताइन । पहिले परम्परागत कोलबाट तेल पेल्न समस्या भएको र हाल भने सहज भएको उहाँको भनाइ छ । "चिउरीको तेल उत्पादनका लागि मेहनत गर्नुपर्छ, तर मानिसहरू सुविधा खोज्छन", उनले भनिन, "जसले गर्दा घर नजिकै भएको जङ्गलका फलहरू खेर जान्छन्, आजभोलि आफ्नोसँगै साथीहरूको तेल पेल्नका लागि बिहान ५ बजेदेखि राति ९ बजेसम्म पनि भ्याउँदैन ।" अर्का स्थानीय कृष्ण गुरुङले घोराही उपमहानगरपालिकाका पहाडी क्षेत्रका विभिन्न स्थानका स्थानीयले बर्सेनि जङ्गलबाट चिउरीको फल ल्याएर तेल पेल्ने गरेका छन् । उनका अनुसार चिउरी चैतको अन्तिमतिर फूल खेल्न थाल्छ । चैतमा फुलेर असारदेखि साउन महिनासम्म चिउरी पाक्ने गर्दछ । त्यसरी पाकेर खसेको फल टिप्ने, सफासँग धुने र सुकाउने गरिन्छ । त्यसपछि तेल पेल्नका लागि तयार गर्न फललाई धुलो बनाउन कुट्ने र नरम बनाउनका लागि आगोमा पकाउने गरिन्छ । आगोमा पकाएर नरम बनाएपछि त्यसलाई कोलमा हालेर पेलेर तेल निकाल्ने गरिएको उनको भनाइ छ । *-रासस*

## खेलकुद समाचार

### इङ्ल्याण्डले दक्षिण अफ्रिकालाई हरायो



**काठमाडौं,** भदौ २४/एकदिवसीय शङ्खलाको तेस्रो तथा अन्तिम खेलमा इङ्ल्याण्डले दक्षिण अफ्रिकालाई फराकिलो अन्तरले हराएको छ । सोमबारराति भएको खेलमा इङ्ल्याण्डले दक्षिण अफ्रिकालाई तीन सय ४२ रनले पराजित गरेको हो ।

इङ्ल्याण्डले दिएको चार सय १५ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका २० ओभर पाँच बलमा ७२ रनमा अलआउट भयो । दक्षिण अफ्रिकाका कोबिन बोशले २० रन बनाए । दक्षिण अफ्रिकाका जोफ्रा आर्चरले चार विकेट लिए । यस्तै आदिल रशिदले तीन र ब्राइडन कार्सेले दुई विकेट लिए । त्यसअघि साउथह्याम्टनमा टस हारेर ब्याटिङ गरेको इङ्ल्याण्डले पाँच विकेट गुमार चार सय १४ रन बनायो । इङ्ल्याण्डका लागि याकूब ग्राहम बेथेल र जोय रुटले शतकीय पारी खेले । बेथेलले एक सय १० र रुटले एक सय रन बनाए । यस्तै जेमी स्मिथ र जोस बटलरले समान ६२ रन बनाए । दक्षिण अफ्रिकाका कोर्बिन बोश र केशव महाराज समान दुई विकेट लिए । यौसँगै तीन खेलको शृङ्खला दक्षिण अफ्रिकाले २-१ ले जितेको छ । पहिलो र दोश्रो खेलमा इङ्ल्याण्डलाई हराएको दक्षिण अफ्रिका तेश्रो खेलमा फराकिलो अन्तरले हारेको हो । दुवै टोलीबीच तीन खेलको टी-२० ट्वान्टी शृङ्खला पर्सि बुधवार कार्डिफमा शुरु हुँदैछ ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक सोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६४, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## अर्थ/कर्पोरेट समाचार

### सुनको मुल्यमा नयाँ कृतिमान




**पाल्पा,** भदौ २३/सोमबार घटेको सुनचाँदीको भाउमा मंगलबार फेरि कीर्तिमान कायम भएको छ । सुनको भाउ एकैदिन तीन हजार एक सय रुपैयाँले बढेको छ । सुन तीन हजार एक सय रुपैयाँले बढेर दुई लाख १४ हजार सात सय रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासैले जनाएको छ । सोमबार सुनको भाउ दुई लाख ११ हजार छ सय रुपैयाँ थियो । अस्ति तोलाको दुई लाख १२ हजार पुगेको थियो । यस्तै, मंगलबार चाँदीको भाउमा पनि कीर्तिमान कायम भएको छ । चाँदी तोलामा ४० रुपैयाँले बढेर दुई हजार पाँच सय १५ रुपैयाँमा कारोबार भइरहेको छ । सोमबार चाँदीको भाउ तोलाको दुई हजार चार सय ७५ रुपैयाँ थियो भने अस्ति चाँदीको भाउ दुई हजार पाँच सय रुपैयाँ थियो ।

## राज्यका तीनवट...

...लामिछाने सहकारी ठगी आरोपमा पुर्पक्षका लागि थुनामा थिए । 'अब देशको नेतृत्व हाम्रो काँधमा आएको छ, शान्त बनौं' जारी आन्दोलनका क्रममा सहभागी भएका जेनजी अभियन्ताहरूले मंगलबार साँझ एक अपिल जारी गर्दै प्रदर्शनमा संलग्न सबैलाई शान्त हुन आग्रह गरेका छन् । उनीहरूले सरकारले अन्ततः घुँडा टेकेको दाबी गर्दै अब अनावश्यक क्षति र भिडन्त रोक्नुपर्नेमा जोड दिएका छन् । अभियन्ताहरूले भनेका छन्, "हाम्रो आवाज सरकारसम्म पुगेको छ, आन्दोलनको बलमा परिणाम आएको छ । अब देशलाई अझै ठूलो संकटमा धकेल्नुको सट्टा संयमता अपनाउँदै शान्तिपूर्ण बाटो रोजौं ।"

**पाल्पामा पनि जेन-जीको प्रदर्शन**

पाल्पामा पनि जेन-जी पुस्ताको समूहले प्रदर्शन गरेका छन् । फेसबुक, युट्युव लगायतका सामाजिक सञ्जाल माथिको निलम्बन तथा भ्रष्टाचारविरुद्ध देशव्यापी उभिएको जेन-जीले सोमबारदेखि यहाँको तानसेन, रामपुर लगातका शहरमा विरोध प्रदर्शन गरिरहेको छ । तानसेनका चोकमा जेनजी समूहले स्वत:स्फूर्त रूपमा विरोध कार्यक्रम आयोजजा गरी देशमा व्याप्त बेथिति,भष्ट्राचरण,सामाजिक सञ्जाल माथिको प्रतिवन्धसहित सरकारको विरोध गरे ।

विभिन्न प्ले कार्ड बोकेका युवा पुस्ताहरुले नालायक सरकार राजीनामा दे, युवा मार्न पाइँदैन, भ्रष्ट्राचारीलाई फसी दे जस्ता नारा लगाउँदै विभिन्न चोकहरुमा प्रदर्शन गर। नारा जुलुससहित सडकमा उत्रिएका युवाहरुले मखनटोल, सित्तलपाटी, नारायणस्थान, भिमसेन टोल आन्दोलनचोक, माथिल्लो पेट्रोलपम्प, तेर्सो सडक लगायतका स्थानमा पुगेर प्रदर्शन गरेका छन् ।

मालपोत कार्यालय
तानसेन, पाल्पा

भेला स्थगित गरिएको सम्बन्धी मालपोत कार्यालय पाल्पाको जरूरी सूचना

मालपोत कार्यालय तानसेन पाल्पाद्वारा श्री अमरनारायण मन्दिर व्यवस्थापन समिति पुनर्गठन सम्बन्धमा मिति २०८२/५/२७ गतेका लागि बोलाइएको भेला हाल विकसित घटनाक्रमका कारण स्थगित गरिएको व्यहोरा सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई